**प्रश्न नं. ५२**

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**
**(कक्षा रोल्नं. ६२२२ देखि ६३४३ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ६ ज्ञानबहादुर पाख्रिनको जाहेरीले नेपाल सरकार

विरुद्ध

काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा नगरपालिका वडा नं.६ बस्ने रमेश भन्ने मानबहादुर घिसिङ

**<u>मुद्दाः ज्यान सम्बन्धी कसुर</u>**

(१) मेरो फुपु बर्ष ३६ की ममता पाख्रिन स-परीवार सहित काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा नगरपालिका वडा नं.६ तिवारी टोलस्थित कोठा भाडामा लिई बस्नु भएकोमा मिति २०७५/०८/०१ गते राती अं.२२:०० बजेको समयमा आफ्नै कोठाभित्र फुपाजु रमेश भन्ने मान बहादुर घिसिङले फुपु ममता पाख्रिनलाई गालीगलौज गरी मारीदिन्छु भनी झगडा निकाली झगडा गरी नियत पूर्वक ज्यान मार्ने मनसाय राखी रिस लिई फलामको कुटोले टाउकोमा प्रहार गरी छिया-छिया पारी मर्‍यो भनी छोडी छोरी र छोरालाई ढोका बाहिर निकाली ढोका बन्द गरी राखेको अवस्थामा छोराछोरी रोई कराएकाले वरपरका सबै मानिसहरुले थाहा पाई प्रहरी समेत आई मुचुल्का गरी फुपुको मृत लाशलाई पोष्टमार्टमको लागि टिचिङ अस्पतालमा राखेको हुँदा निज अभियुक्त फुपाजु रमेश भन्ने मानबहादुर घिसिङ उपर कानून बमोजिम होस् भन्ने समेत व्यहोराको **ज्ञान बहादुर पाख्रिनको जाहेरी दरखास्त .**

२) काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.६ बौद्धस्थित पूर्वमा छिमेकी खाजा घर, पश्चिममा तिव्वतियन इन्टरनेश्नल होटल, उत्तरमा बौद्ध चावहिल जोरपाटी हाइवे सडक बाटो र दक्षिणमा घर यति चार किल्लाभित्र रहेको महानगरीय प्रहरी बृत बौद्धको कार्यलय भवन अगाडी भुई तलाको ड्यूटी अफिसर कार्यकक्ष अगाडी आगनमा रमेश भन्ने मानबहादुर घिसिङलाई कानूनी रित पुर्‍याई तलासी गर्दा निजको बाया हातको नाडीमा रातो रगत जस्तै पदार्थ लागेको अवस्थामा फेला पारी परीक्षणको लागि कटन कपडामा स्वाव बनाई उठाईएको भन्ने **बरामदी मुचुल्का** ।

३ काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा नगरपालिका वडा नं.६ तिवारी टोलस्थित पूर्वमा पेम्बा तामाङको घर, पश्चिममा कृष्ण खत्रीको घर, उत्तरमा नरहरी मगरले सञ्चालन गरेको कार्पेट उधोग र दक्षिणमा दिपक क्षेत्रीको घर यति चार किल्लाभित्र भुई तला सहित १$\frac{१}{२}$ तला भएको गोपी गुरुङको श्रीमती कुमारी गुरुङको पूर्व मोहडा गरेको पक्की घर रहेको, सो घरको कोठामा दक्षिण सिरानी भएको काठको डबल बेडको पलङ रहेको, उक्त पलङ माथी सेतो रंगको सिरक ओढाई ढाकेको अवस्थामा मृतक ममता पाख्रिन (घिसिङ) को मृत लाश रहेको, **लास जाँच मुचुल्का** ।

४. २०७५/०८/०१ गतेका दिनमा समेत निज श्रीमती ममता पाख्रिन बिहानै ०६:०० बजे तिर आफ्नो काममा गईन् त्यसपछी मैले कोठामा खाना बनाई छोराछोरीलाई खाना खुवाई स्कुलतर्फ पठाए, मैले समेत खाना खाई ऐ.१०:०० बजेतिर काममा गई बेलुका अं.२०:३० बजेको समयमा कोठामा फर्की आउँदा श्रीमती, छोराछोरी कोठैमा थिए, छोराछोरी सुती निदाई सकेका रहेछन्, श्रीमती पनि बिस्तारामा पल्टि रहेको देखे, तर श्रीमती भने निदाएकी थिईनन्, खाना हेर्दा तरकारी मात्र पकाएको भात नपकाएको देखे, निज श्रीमतीलाई भात किन नपकाएको भनी सोध्दा निज श्रीमतीसँग सोही भातकै बिषयमा मेरो सामान्य भनाभन भई बिवाद भयो, बिवादको क्रममा निज श्रीमतीले मलाई तरकारी काट्ने चक्कुले झट्टी हानिन्,

**प्रश्न नं. ५२**

मैले छले, मलाई कुनै पनि किसिमको चोट लागेन, त्यसपछी ऐ.अं.२२:०० बजेको समय हुनुपर्छ मैले यताउता हेर्दा सोही घरको माथिल्लो तलामा जाने भर्‍याङ मुनी काठको बिड सहितको फलामको माटो खन्ने कुटो फेला पारे, अब यही फलामे कुटोले नै निज श्रीमतीलाई हानी मार्नु पर्छ भनी मैले उक्त कुटो उठाई हातमा लिई सिधै आफ्नो कोठाभित्र गए, कोठाभित्र जाँदा छोराछोरी सुती निदाएको र श्रीमती समेत बिस्तारामा नै सुती रहेकी थिईन् तर निदाएकी भने थिईनन्, म कोठामा प्रवेश गर्नासाथ मैले निज श्रीमतीलाई तँलाई आज यही कुटोले हानेर मार्दिन्छु भनी बताई हातमा बोकेको कुटो समेत निज श्रीमतीलाई देखाए, निज श्रीमतीले समेत ल हान् त मलाई भनी बिस्ताराबाट उठ्न लागेकी थिईन् मैले दुबै हातले उक्त कुटोको काठको बिडमा समाई उक्त कुटोको फलामको पछाडीको बिड हाल्नेतर्फको फलामको भागले निज श्रीमतीको टाउकोमा प्रहार गरे निज आईया पनि भन्न नपाई सोही बिस्तारा माथी नै लडी, पहिलो चोटमै निज श्रीमतीको बायातर्फको निधारको भागमा लागि टाउको फुटी रगत बिच्छे भई गिदी समेत निस्किई निज श्रीमती घ्यार्र-घ्यार्र गर्न थालिन्, रगत उछिट्टिएर छोराको अनुहारमा लागि छोरा समेत निन्द्राबाट ब्युझिएर छोरीलाई उठायो, छोरी समेत उठी आमालाई नकुट्नु बुवा भनी रुन थालिन्, त्यसपछी मैले निज छोराछोरीलाई तिमीहरु बाहिर बस आज यसलाई मार्ने हो भनी छोराछोरीलाई कोठा बाहिर राखी ढोकाभित्रबाट बन्द गरी निज श्रीमतीलाई हेर्दा निज श्रीमती रगत बिच्छे भई अलि अलि स्वास रहेको जस्तै लाग्यो, निज श्रीमती बाँचि हालिन् भने मलाई समस्या पर्छ, यसलाई मार्नै पर्छ भनी फेरी मैले सोही कुटोको पछाडीको बिडतर्फको फलामकै भागले पुनः२ (दुई) पटकसम्म निज श्रीमतीको टाउकोमा प्रहार गरे, निज श्रीमती मरेको भन्ने प्रतिवादी **मानबहादुर घिसिङको वयान।**

**५.** प्रतिवादी मानबहादुर घिसिङ निजको श्रीमती ममता पाख्रिन र छोराछोरी सहित म बसेकै घरको भुई तलामासँगै जोडिएको कोठामा भाडामा लिई बस्ने गर्थे, निजको श्रीमती ममता पाख्रिन र मसँगै एकै ठाउँमा गलैचा बुन्ने सम्बन्धी काम गर्ने गर्थ्यौं, घटना हेर्दा ममता पाख्रिन सुती निदाएको अवस्थामा प्रतिवादीले योजनाबद्ध रुपमा पहिले नै व्यवस्थित गरी राखेको कुटोले प्रहार गरी क्रुर तवरबाट मारेको हो भन्ने समेत ब्यहोराको बुझिएका मानिस दिलबहादुर घिसिङ र मिना तामाङ समेतको **कागज।**

६. मृत्यूको कारण Blunt Force Injury to the Head भनी मृतक ममता पाख्रिन (घिसिङ) को **शव परीक्षण प्रतिवेदन।**

७. प्रतिवादी मानबहादुर घिसिङले ममता पाख्रिन (घिसिङ) लाई मार्ने योजना बनाई मिति २०७५/०८/०१ गते राती अं.२२:०० बजेको समयमा काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा नगरपालिका वडा नं.६ तिवारी टोलस्थित आफ्नै कोठामा ममता पाख्रिन (घिसिङ) सुती निदाएको अवस्थामा काठको विड भएको फलामको कुटोको विडतर्फको फलामको भागले ममता पाख्रिन (घिसिङ) को टाउकोमा पटक पटक प्रहार गरी छिया छिया वनाई टाउको फुटाई गिदी समेत निकाली अमानविय क्रुर तवरबाट ममाता पाख्रिन (घिसिङ) को हत्या गरेको हुँदा प्रतिवादी मानबहादुर घिसिङलाई मुलुकी अपराध (संहिता) ऐन, २०७४ को परिच्छेद १२ को ज्यान सम्बन्धी कसूरको दफा १७७ को उपदफा (१) बमोजिमको कसूर अपराधमा सोही ऐनको दफा १७७ को उपदफा (२) बमोजिम जन्म कैदको सजाय हुन सोही ऐनको दफा ४१ बमोजिम जीवित रहेसम्म कैद सजाय गरीपाउँ। साथै सोही ऐनको दफा १८६ बमोजिम पीडितको हकवालालाई प्रतिवादीबाटै मनासिव क्षतिपूर्ती दिलाई भराई पाउँ भन्ने समेत ब्यहोराको अभियोग मागदावी।

**प्रश्न नं. ५२**

८. अधिकार प्राप्त अधिकारी समक्षको मेरो बयानको व्यहोरा मैले भने बमोजिम लेखिएको ठीक साँचो हो। उक्त बयानको सहीछाप मेरो भएको ठीक साँचो हो भन्ने समेत व्यहोराको प्रतिवादी रमेश भन्ने मानबहादुर घिसिङले अदालतमा उपस्थित भई गरेको बयान।

९ काठमाण्डौ जिल्ला अदालत समक्षा जाहेरवाला लगायत बुझीएको मानिसहरुको बकपत्र

१०. प्रतिवादी रमेश भन्ने मानबहादुर घिसिङले ज्यान लिने मनसाय राखी आफ्नै श्रीमती ममता पाखिनलाई कर्तब्य गरी मारी मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) बमोजिमको कसूर अपराध गरेको ठहर्छ भन्ने काठमाण्डौ जिल्ला अदालतको **फैसला ।**

(१२) उच्च अदालत पाटनमा प्रतिवादी रमेश भन्ने मानबहादुर घिसिङले दिएको पुनरावेदन पत्र ।